# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

प.सं: २०८२/८३

मिति २०८२/१०/२१

च.नं: ८५६

श्री मोदी इनर्जी लिमिटेड,
डिल्लीबजार, काठमाडौं ।

**विषय: हकप्रद शेयर निष्काशनको पूर्वस्वीकृति सम्बन्धमा ।**

प्रस्तुत बिषयमा प्रचलित कानुन बमोजिम विद्युतको उत्पादन अनुमतिपत्र प्राप्त कम्पनी मोदी इनर्जी लिमिटेडको साविकको अधिकृत पुँजी रु. २,९०,००,००,०००/-, जारी पुँजी रु. २,९०,००,००,०००/- र चुक्ता पुँजी रु. २,९०,००,००,०००/- रहेकोमा हाल चुक्ता पुँजीको १:१ अनुपातमा प्रस्तावित शेयर रकम रु. २,९०,००,००,०००/- को २,९०,००,००० कित्ता हकप्रद शेयर निष्कासनको लागि मिति २०८१/०५/२६ मा निवेदन दर्ता भई विभिन्न मितिमा प्राप्त कागजात उपर कारवाही हुँदा कम्पनीले शेयरको सार्वजनिक निष्कासनको सन्दर्भमा मिति २०७९/११/०८ मा नेपाल धितोपत्र बोर्डबाट विवरण पत्रमा स्वीकृति प्राप्त गरी प्रकाशन गरेको विवरण पत्रमा सार्वजनिक निष्कासनबाट प्राप्त हुने कुल रकम रु. ७२,५०,००,०००/- बैंक तथा वित्तीय संस्थासँग लिएको ऋण भुक्तानी गर्ने उल्लेख भएकोमा २३ जुलाई २०२५ को नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको पत्रबाट बैंकले रु.४३,५८,५०,०००/- बैंकको सावाँ र ब्याज तिर्न प्रयोग गरेको, रु.७,४२,००,०००/- Overdraft facility मा जम्मा गरिएको व्यहोरा उल्लेख भएको पाइयो । १८ मार्च २०२५ को NIMB को पत्रबाट मार्च १८, २०२५ को मिति सम्ममा उक्त कम्पनीको नाममा रु. ३,५८,४६,३४,४५६|४१ Loan Outstanding रहेको देखियो। उक्त विषयमा छलफल हुँदा कम्पनीले शेयरको सार्वजनिक निष्कासनको सम्पूर्ण रकम ऋण तिर्न प्रयोग नगरेको पाइएकाले, सार्वजनिक निष्कासनबाट प्राप्त रकम मध्ये रु. २८,९१,५०,०००/- अन्यत्र प्रयोग गरेको देखिएकाले कम्पनीले हाल माग गरेको चुक्ता पुँजी रु. २,९०,००,००,०००/- को १:१ अनुपातको रु. २,९०,००,००,०००/- लाई सार्वजनिक निष्कासनबाट प्राप्त रकम मध्ये अन्यत्र प्रयोग गरेको रकम रु. २८,९१,५०,०००/- घटाई हुने रकम रु. २,६१,०८,५०,०००/- बराबरको करिब १:०.९००२९ अनुपातमा हकप्रद शेयर निष्कासन गरी सम्पूर्ण रकमबाट बैंकको दायित्व भुक्तानी गर्ने सर्तमा विद्युत्सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ७ तथा दफा ९ बमोजिम तपसिलका थप सर्त सहित आयोगको मिति २०८२/१०/२० को २९९औं बैठकबाट पूर्वस्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध छ।

सर्तहरु:

१. हकप्रद शेयरको निष्कासनबाट प्राप्त भएको रकम बैङ्क ऋण तिर्ने, र Short Term Loan तिर्ने प्रयोजनमा मात्र प्रयोग गरी सो को पन्ध्र दिनभित्र पुष्टि हुने कागजात सहित आयोगमा जानकारी गराउनुपर्नेछ ।

# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

२. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।

३. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ।

४. तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।

५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।

६. हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।

७. अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त *विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८* को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ। उक्त विवरण पत्रमा आयोगबाट स्वीकृत भए बमोजिम बैङ्क ऋण तिर्ने, र Short Term Loan तिर्ने प्रयोजनका लागि हकप्रद शेयरको निष्कासनको पूर्वस्वीकृति प्राप्त भएको समेत स्पष्ट रूपले खुलाई समावेश गर्नु पर्ने छ।

सन्दिप न्यौपाने
(इन्जिनियर)

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल